# स्थानीय राजपत्र

## विगु गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ८ | संख्या २ | मिति २०८२/१०/२९ |
|---|---|---|

### भाग २

नेपालको संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

प्रमाणिकरण मिति २०८२/१०/२९

आज्ञाले,

नाम : पवनकुमार प्याकुरेल

प्रमुख प्रशासकीय अधिकृत

## विगु गाउँपालिका

## विगु गाउँपालिकामा अनुगमन मूल्याङ्कन कार्यविधि-२०८२

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/१०/२९**

प्रमाणीकरण मिति : २०८२/१०/२९

**प्रस्तावना** :

योजना, आयोजना तथा कार्यक्रमको फितलो कार्यान्वयनका कारण समग्र विकास प्रक्रियाले आशातीत उपलब्धि हासिल गर्न नसकेको वर्तमान अवस्थामा यस विगु गाउँपालिकाद्वारा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई अनुगमन तथा मूल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो एवं जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले विगु गाउँकार्यपालिकाको मिति २०८२/१०/२९ को बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम **"अनुगमन मूल्याङ्कन कार्यविधि—२०८२"** रहेको छ ।

(२) यो कार्यविधि विगु गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "अध्यक्ष" भन्नाले विगु गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "अनुगमन" भन्नाले योजना, आयोजना तथा कार्यक्रमहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भए, नभएको कार्यतालिकाअनुसार क्रियाकलापहरू कार्यान्वयन भई अपेक्षित उपलब्धि हासिल भए, नभएको सम्बन्धमा गाउँकार्यपालिका, वडा समिति वा कार्यालयबाट तोकिएका पदाधिकारी तथा कर्मचारीहरूद्वारा निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई सम्झनुपर्छ ।

(ग) "अनुगमन मूल्याङ्कन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनुपर्छ । सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडा स्तरको अनुगमन तथा मूल्याङ्कन समिति समेतलाई जनाउँछ ।

(घ) "उपाध्यक्ष" भन्नाले विगु गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले विगु गाउँपालिकाको अनुगमन मूल्याङ्कन कार्यविधि, २०८२ सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले विगु गाउँपालिकालाई सम्झनुपर्छ ।

(छ) "मूल्याङ्कन" भन्नाले तोकिएका सूचकका आधारमा कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरू हालको समयमा कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा कतिको उपलब्धि एवं प्रभावहरू हासिल भएका छन् भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनुपर्छ ।

## परिच्छेद—२

## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** (१) गाउँपालिका सरहद भित्र सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरूलाई नतिजामुखी बनाउन गाउँपालिका स्तरमा उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्ष -**संयोजक**

(ख) सम्बन्धित वडाको वडाध्यक्ष स्वतः -**सदस्य**

(ग) कार्यपालिकाले तोकेको २ जना कार्यपालिका सदस्य -**सदस्य**

(घ) प्राविधिक शाखाको प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी -**सदस्य**

(ङ) योजना शाखाको शाखा प्रमुख **- सदस्य सचिव**

तर, उक्त समितिका सदस्यका अतिरिक्त अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै समयमा अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

(२) वडामा सञ्चालित योजना आयोजना तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन तथा कार्यान्वयन गर्न वडाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरू रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) वडा अध्यक्ष -**संयोजक**

(ख) वडा समितिले मनोनयन गरेको एक जना वडा सदस्य -**सदस्य**

तर, यसरी वडा समितिले सदस्य मनोनयन गर्दा पालो मिलाई जिम्मेवारी तोकिएका क्षेत्रसँग सम्बन्धित फरक-फरक वडा सदस्यलाई समितिको सदस्य मनोनयन गर्नु पर्दछ ।

(ग) वडामा कार्यरत प्राविधिक कर्मचारी -**सदस्य**

(घ) वडा सचिव -**सदस्य सचिव**

**४. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा ३ को उपदफा (१) बमोजिम गठित गाउँपालिका स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमको नियमित एवं आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँ कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशन हरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढङ्गले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन गाउँ कार्यपालिका बैठक समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्यहरू गर्ने ।

(२) दफा ३ को उपदफा (२) बमोजिम गठित वडा स्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित एवं आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा, गाउँ कार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरू उचित ढङ्गले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन वडा समिति बैठक समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँ कार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद—३

## अनुगमन तथा मूल्याङ्कनकर्ताले पाउने सेवा, सुविधा

५. अनुगमन तथा मूल्याङ्कनकर्ताको सुविधा :(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरूले देहायको दरमा अनुगमन तथा प्राप्त सुविधा पाउनेछन्।

(१) दैनिक भत्ता प्रतिदिन रु. ८५०।००

(२) यातायात खर्च प्रतिदिन रु. २५०।००

(३) खाजा खर्च प्रतिदिन रु. २००।००

(२) दफा ३ को उपदफा (२) बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरूले देहायको दरमा अनुगमन तथा मूल्याङ्कन सुविधा प्राप्त गर्नेछन्।

(१) दैनिक भत्ता प्रतिदिन रु.३५०।००

(२) यातायात खर्च प्रतिव्यक्ति रु.१५०।००

(३) खाजा खर्च प्रतिदिन प्रतिव्यक्ति रु.२००।००

तर, दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित समितिका पदाधिकारी एवं कर्मचारीहरूले पाउने अनुगमन तथा मूल्याङ्कन सुविधा एक हप्तामा बढीमा तीन दिनसम्मको मात्र उपलब्ध हुनेछ।

(३) अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अन्य पदाधिकारी/कर्मचारी अनुगमन तथा मूल्याङ्कनमा जाँदा उपदफा (१) बमोजिमको सुविधा प्राप्त गर्नेछन्। तर गाउँपालिकाले अनुगमनको लागि साधन उपलब्ध गराएको खण्डमा यातायात खर्च उपलब्ध गराइने छैन।

## परिच्छेद—४

## अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन

६. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन : दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मूल्याङ्कन समितिका सदस्यले अनुसूची १ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन पेस गर्नु पर्नेछ।

७. प्रतिवेदन पेस गर्ने अवधि :(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन पश्चात तत्काल बस्ने कार्यपालिका बैठक समक्ष पेस गर्नेछ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मूल्याङ्कन पश्चात तत्काल बस्ने वडा समितिको बैठक समक्ष पेस गर्नेछ।

## परिच्छेद—५

## विविध

८. बाधा अड्काउ फुकाउने अधिकार : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

९. संशोधन : यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ।

१०. बचाउ : यो कार्यविधि जारी हुनुभन्दा पहिले भए गरेका कार्य तथा प्रदान गरिएका सेवा सुविधा यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछन्।

अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

**<u>अनुगमन तथा मूल्याङ्कन प्रतिवदेन</u>**

# विगु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## लादुक,दोलखा

## योजना/आयोजना/कार्यक्रमको प्रगतिको अनुगमन फाराम

(कार्य प्रारम्भ भएपछि/कार्य भइरहेको/सम्पन्न भएपछि गरिने)

आर्थिक बर्ष : २०८१/०८२

योजना दर्ता नं. :.........

चलानी नं. :........ मिति : २०८२/......./.........

विषय : अनुगमन प्रतिवेदन

**1.** योजनाको नाम :-

**2.** सम्झौता भएको मिति :

**3.** योजना/आयोजना/कार्यक्रम शुरु हुने मिति :

**4.** योजना/आयोजना/कार्यक्रम सम्पन्न हुनुपर्ने मिति :

**5.** योजना/आयोजना/कार्यक्रम संचालन स्थल :-

**6.** योजना/आयोजना/कार्यक्रम संचालन उद्धेहश्य :-

**7.** योजना/आयोजना/कार्यक्रम ठेकेदार/उपभोक्ता समिति/ वि.व्या.स. मध्य कुन मार्फत भएको हो :

क) सेवा प्रदायक संस्थाको नाम/उपभोक्ता समिति/वि.व्या.स. : ..............................

ख) संस्थाको जिम्मेवार व्यक्ति :...................................

ग) ठेगाना :..........................................

**8.** भौतिक एवम् वित्तिय प्रगति र अन्य विवरण :-

क) भौतिक प्रगति :...........................% ख) वित्तिय प्रगति :...........................%

ग) सम्झौता रकम :.......................... घ) लागत अनुमान :...........................

ङ) गाउँपालिका/संस्थाले व्यहोर्ने रकम :.......................... च) जनसहभागिता :..........................

छ) प्राविधिकबाट भएको कामको मूल्याङ्कन रु. :..........................

ज) अन्य निकायको सहभागिता भए नाम र व्यहोर्ने रकम :..........................

**9.** निर्माण कार्यको अवस्था :

क) निर्माण स्थलमा आवश्यक निर्माण सामाग्रीको उपलब्धता भएको/नभएको:

ख) उपलब्ध निर्माण सामाग्री तोकिएको गुणस्तर बमोजिम भएको/नभएको:

ग) गुणस्तर परीक्षण भएको/नभएको / भएको भए सोको नतिजा परीक्षण भएको/नभएको:

घ) आवश्यक जनशक्तिको पर्याप्तता भएको/नभएको:

ङ) मेशिनरी औजार र उपकरण व्यवस्थापनको अवस्था, प्रयोग भएको/नभएको:

च) होडिङ बोर्ड उपयुक्त स्थानमा राखे वा नराखेको :

छ) योजना/आयोजना/कार्यक्रमको खाता राखे वा नराखेको :

ज) योजना कार्यान्वयनमा देखिएका बाधा अवरोध, भएको/नभएको :

**10.** अनुगमन गरिदा योजनाको अवस्था :

**11.** योजना/आयोजना/कार्यक्रमबाट लाभान्वित हुने :

**12.** योजना कार्यान्वयनमा सम्झौताको शर्तको पालना, भएको/नभएको, नभएको भए पालना नभएको विषय र सोको कारण :.......................................................................

**13.** योजना/आयोजना/कार्यक्रमबाट लाभान्वित हुने :

**1.** घर परिवार संख्या :

**2.** लाभान्वित संख्या :

क) महिला : ख) पुरुष : ग) यौन अल्पसंख्यक : घ) बालबालिका :

ङ) जेष्ठ नागरिक : च) फरक क्षमता भएको व्यक्ति(अपाङ्ग) : छ) अन्य:

**3.** समुदाय :

क) दलित : ख) आदिबासी/जनजाती : ग) मधेसी,मुस्लिम,पिछडा वर्ग : घ) अन्य :

**14.** सेवा प्रदायक संस्थाले प्राप्त गरेको किस्ता विवरण :

**15.** अनुगमन तथा सुपरिवेक्षणको उद्धेश्य (नियमित/आकस्मिक/निर्माणाधीन):

**16.** अनुगमन तथा सुपरिवेक्षण गर्दा देखिएका योजना/आयोजना/कार्यक्रमगत समस्याहरु

**17.** समस्या समाधानको लागि स्थानीय स्तरमा गरिएका प्रयास :

**18.** अनुगमन तथा सुपरिवेक्षण गर्ने समिति,कार्यदल तथा अधिकारीले स्थानीय स्तरमा दिएको सुझाव :

**19.** अनुगमन तथा सुपरिवेक्षण गर्ने समिति,कार्यदल तथा अधिकारीको कार्यान्वयन गर्ने निकायलाई सुझाव :

अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन पेस गर्ने(पालिका स्तरीय अनुगमन समिति)

| क्र.स. | पद | पदनाम | नाम/थर | हस्तक्षर |
|---|---|---|---|---|
| **1.** | | | | |
| **2.** | | | | |
| **3.** | | | | |
| **4.** | | | | |
| **5.** | | | | |
| **6.** | | | | |

गाउँपालिकास्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिद्वारा यस योजना/आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्दा प्राविधीक लागत अनुमान बमोजिमको कार्य भैरहेको/ सम्पन्न भएको.......................................................................... उपभोक्ता समिति/सेवा प्रदायक संस्था/वि.व्या.स./टोल सुधार समितिको तर्फबाट ....................................................... कार्यका लागि ......................................................कार्यक्रम संचालन गरेको, लाभग्राहीहरु समेत सन्तुष्ट रहेको र भैरहेको/ सम्पन्न भएको काम समेत सन्तोषजनक भएको पाइएकोले उपभोक्ता समिति/सेवा प्रदायक संस्था/वि.व्या.स./टोल सुधार समिति लाई समयमै कार्य **सम्पन्न गर्न सुझाव दिदै जानकारीका**/**कार्य सम्पन्न गरेकोले** नियमानुसार बैंक खाता मार्फत भुक्तानीको लागि गाउँपालिकाको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

संयोजकः-

प्रमाणीकरण मिति: २०८२/१०/२९

आज्ञाले,
पवनकुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत